# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६४/११/३ गते शुक्रवार देखि २०६४/११/९ गते विहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ७० कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३०९५ कारोवारबाट ३१ करोड ५१ लाख ३० हजार रुपैयाँ बराबरका ४ लाख २१ हजार ७ सय कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ६१.९४ प्रतिशतले ह्रास हो । गत साता ३८०१ शेयर कारोवारबाट ८२ करोड ८० लाख ९७ हजार रुपैयाँ बराबरका १० लाख ५८ हजार कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र १९ करोड ३९ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ६१.५५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ११.४५ अंकले ह्रास भई अन्तिम दिन ७५८.४७ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७५५.८७ | ३८५.४० | ४१४.७२ | ८१७.४७ | १२२४.८३ | १६२.३२ | ८०३.३६ | ९५३.६७ | १०४७.६५ | ७६९.९२ | १९६.५७ |
| दोस्रो | ७३८.५१ | ३८५.४० | ४१५.४९ | ८१७.४७ | ११८०.५७ | १६२.३२ | ८०३.५५ | ९५८.४० | १०७२.९७ | ७५७.०८ | १९२.८१ |
| तेस्रो | ७३६.९९ | ३८९.१८ | ४१५.४९ | ८१७.४७ | ११७९.९५ | १६२.३२ | ८०३.५५ | ९६२.१३ | १०७१.३० | ७५६.४४ | १९३.०६ |
| चौथो | ७३८.३५ | ३९०.१६ | ४१३.९५ | ८१७.४७ | ११८७.४८ | १६२.३२ | ८०३.६१ | ९६४.४१ | १०८३.०१ | ७५८.४७ | १९३.२७ |
| परिवर्तन (अंकमा) | -१७.५२ | ४.७६ | -०.७७ | ०.०० | -३७.३५ | ०.०० | ०.२५ | १०.७४ | ३५.३६ | -११.४५ | -३.३० |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स ३.३० अंकले ह्रास भई १९३.२७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (४ करोड ५७ लाख रुपैयाँ) तथा शेयर संख्या (१ लाख ४३ हजार कित्ता), को आधारमा नेशनल हइड्रो पावर कम्पनी र कारोवार संख्या (६०८) को आधारमा आईसीएफसी वित्तीय संस्था अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेशनल हाइड्रो पावर कम्पनी | ४५.७२ |
| २ | वैंक अफ काठमाण्डू | ४१.०६ |
| ३ | लुम्विनी वैंक | ३१.६४ |
| ४ | कुमारी वैंक | २१.७१ |
| ५ | स्ट्यार्ण्डड चाटर्ड वैंक | १९.६७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता ऋणपत्र तर्फ ३ लाख १५ हजार वरावरको ३१५ थान संस्थागत ऋणपत्रको कारोवार भएकोछ ।